# महालेखापरीक्षकको कार्यालय

## व्यवस्थापन तथा केन्द्रिय सचिवालय

### आन्तरिक सञ्चार-पत्र

प.सं.:- २०८०/८१
च.नं.:- २८४

मिति:- २०८०/०८/०४

विषयः- कार्यालय बैठकको निर्णय कार्यान्वयन ।

श्री सबै लेखापरीक्षण विभाग, महानिर्देशनालय, निर्देशनालय
महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौ ।

मिति २०८०।८।४ गते कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको संयोजकत्वमा कार्यालयका निर्देशक तहसम्मको उपस्थितिमा भएको मासिक नियमित बैठकको निर्णय जानकारी एवं कार्यान्वयन लागि पठाइएको व्यहोरा अनुरोध छ।

निर्णयहरु

निर्णय नं. १. आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबारको २०८० कार्तिक मसान्तसम्म सम्पन्न लेखापरीक्षण र सम्परीक्षणको मन्त्रालयगत प्रगति समिक्षा गरियो। करिव ६ हजार ३०० कार्यालयमध्ये करिव २ हजार ६०० कार्यालयको लेखापरीक्षण सम्पन्न भएकाले बाँकी कार्य सम्पन्न गर्नका लागि जनशक्ति परिचालन गर्ने ।

निर्णय नं. २. आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षणका लागि स्वीकृत बार्षिक लेखापरीक्षण योजना अनुसार दोश्रो तथा अन्तिम चरणको संयुक्त लेखापरीक्षण कार्यक्रम नीति योजना तथा जनशक्ति महानिर्देशनालयले स्वीकृत गरी सबै महानिर्देशनालयमा संचार गर्ने र सो संयुक्त लेखापरीक्षण कार्यक्रमलाई समेत समावेश गरी विभागगत/महानिर्देशनालयगत लेखापरीक्षण कार्यक्रम बनाई लेखापरीक्षण कार्य मार्ग दोस्रो हप्ताबाट शुरू गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ३. सबै महानिर्देशनालयले आर्थिक वर्ष २०७९/८० को आर्थिक कारोबारको लेखापरीक्षण गर्न बाँकी कार्य माघ १५ सम्म उपत्यकाको समेत सबै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना बनाई सम्बन्धित बिभागबाट ५ दिन भित्र स्वीकृत गर्ने र सो अनुसार भएको कार्यको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ४ मासिक बैठकको निर्णय एवं लेखापरीक्षणसँग सम्बन्धित परिपत्र निर्णयहरू कार्यालयका कर्मचारीले मात्र हेर्न मिल्ने गरी वेभसाईटमा राख्ने र सूचना प्रविधि निर्देशनालयले सो व्यवस्थाको लागि पासवर्ड व्यवस्था गरी सबै कर्मचारीलाई उपलब्ध गराउने ।

निर्णय नं. ५. संघीय तथा प्रदेश मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आर्थिक बर्ष २०७९।८० को एकीकृत आर्थिक विवरण २०८० कार्तिक मसान्तसम्म प्राप्त नभएको भए सम्बन्धित महानिर्देशनालयबाट पत्राचार गर्ने ।

निर्णय नं. ६. लेखापरीक्षकले पालना गर्नु पर्ने आचार संहिता कडाईका साथ पालना गर्ने र सो को आचार संहिता अनुगमन समितिले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ७. Project Account को लेखापरीक्षण र प्रमाणिकरण सम्बन्धित महानिर्देशनालयले तोकिएको समयमा नै सम्पन्न गर्ने व्यवस्था सम्बन्धित महानिर्देशनालयले गर्ने ।

निर्णय नं. ८. आगामी बैठक २०८० पौषको पहिलो हप्तामा गर्ने र सो बैठकमा स्थलगत लेखापरीक्षणमा रहनु हुने नायव महालेखापरीक्षक र निर्देशकहरू भर्चुअल रूपमा उपस्थित हुने व्यवस्था सूचना प्रबिधि निर्देशनालयले मिलाउने ।

(पशुपति कुमार काफ्ले)
निर्देशक

<u>जानकारीका लागि:</u>

श्रीमान् कार्यबाहक महालेखापरीक्षकज्यू ।